२०२७ साल अप्रैल सेसन भर्ना

# बिदेशी बिद्यार्थी
# भर्ना छनौट निर्देशिका

Nagoya College of Psychology, Social Welfare & Business
Admissions Information for International Students

# 日本語学科

जापानी भाषा बिभाग

गाक्को होजिन ताचिबाना गाकुएन

स्वास्थ्य, श्रम तथा समाज कल्याण मंत्री तथा आईची प्रिफेक्चर गवर्नर द्वारा मान्यता प्राप्त

---

टोकियो फुकुशी यूनिवर्सिटी नागोया क्याम्पस हेइष्यु बिद्यालय

# 心理・福祉・ビジネス名古屋専門学校


सम्पर्क

<सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्को>

〒४६०－०००२ आईची केन नागोया सी मारुनोउची २－६－४

मुख्य फोन न. ०५२-२१२-९२७४

URL: http://www.nagoya-college.ac.jp/

बिदेशी बिद्यार्थी भर्ना छनौट निर्देशिका

# जापानी भाषा बिभाग

१. विशेषता

२. पाठ्यक्रमको रचना र लक्ष्यहरु

३. अध्ययन अवधि

४. बिषय

५. फर्म भर्ने योग्यता

६. भर्ना फर्म बुझाउने तरिका

७. छनौट प्रक्रिया

८. भर्ना प्रक्रिया

९. जापानको जीवन यापन

१०. पुरस्कारहरु

११. सम्पर्क/फर्म बुझाउने ठेगाना

१२. गाक्को होजिन ताचिबाना गाकुएन  ईतिहास

१३. बिद्यालयको ठेगाना म्याप

## सस्थापक

शिक्षाविद डा. नाकाजिमा चुनेओ

१९९५ साल–१९९६ साल हावर्ड यूनिवर्सिटी शिक्षा बिभागमा शिक्षाविदको रुपमा निमन्त्रण
हावर्ड यूनिवर्सिटी शिक्षा बिभागमा प्राप्त गरेको उपलब्धिहरु, आफुले स्थापना गरेको टोकियो फुकुशी यूनिवर्सिटी, रिगाकु साग्यो नागोया सेम्मोन गाक्को, सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्कोको कक्षामा प्रयोग गरि「असक्षम बालक (छात्र, छात्रा) लाई सक्षम बालक (बिद्यार्थी) बनाउने कार्य शिक्षा हो」भन्ने शैक्षिक सोचको आधारमा स्वास्थ्य ▪ समाज कल्याण ▪  मनोविज्ञान ▪ शिक्षाको उत्कृष्ट ज्ञान र शिप हासिल गरि सर्बोत्कृष्ट बिद्यार्थी र शिक्षक उत्पादनमा बिशेष जोड.

# निहोंगो गाक्का (२०२७ साल अप्रेल सेसन भर्ना)
# भर्ना निर्देशन पुस्तिका

## १. विशेषता

यो जापानी भाषा बिद्यालय, ३० बर्ष भन्दा बढी जापानी भाषा अध्ययनको इतिहास बोकी, अहिले सम्म धेरै बिद्यार्थीहरु उत्पादन गरिसकेको छ. थोरै बिद्यार्थी रहेको कक्षा ・ कक्षा टिचर प्रणाली लागु गरि, बिदेशी भाषाको लागि महत्वपूर्ण मानिएको ४ स्किल (पढने ・ सुन्ने ・ बोल्ने ・ लेखने) ट्रेनिङका साथै दैनिक जीवन यापनको लागि मद्दत गर्दछ.

साथै, नयाँ भर्नाको सम्बन्धमा पनि बिभिन्न उपलब्धि हासिल गरेको छ. ग्रेजुएट पछी धेरै बिद्यार्थीहरु आइची केन लगायत जापानको बिभिन्न यूनिवर्सिटि वा सेम्मोन गाक्कोमा भंर्ना भएका छन्.

## २. पाठ्यक्रमको रचना र लक्ष्यहरु

| भर्ना समय | कोर्ष | कक्षा हुने समय | भर्ना संख्या | कोर्षको लक्ष्य |
|---|---|---|---|---|
| अप्रैल | निहोंगो B गाक्का I<br>(कक्षामा अध्ययन २ बर्षे ※ ) | १. ९:००～९:५०<br>२. १०:००～१०:५०<br>३ ११:००～११:५०<br>४. १२:००～१२:५० | ३० जना | जापानको यूनिवर्सिटी वा भोकेशनल स्कुलमा भर्ना हुनको लागि आवश्यक पर्ने जापानी भाषाको दक्षता र अध्ययन गर्ने बानी, प्रयोगात्मक संवाद गर्न सक्ने दक्षता हासिल हुनेछ. |
| अप्रैल | निहोंगो B गाक्का II<br>(कक्षामा अध्ययन २ बर्षे ※ ) | १. १३:३०～१४:२०<br>२. १४:३०～१५:२०<br>३. १५:३०～१६:२०<br>४. १६:३०～१७:२० | ३० जना | |

※ जापानमा भएको निहोंगो गाक्का अथवा निहोंगो बेक्कामा १ बर्ष भन्दा कम समय अध्ययन गरि, पहिला अध्ययन गरेको स्कुलको समय जोडेर २ बर्ष सम्म अध्ययन गर्न सकिनेछ.

## ३. अध्ययन घण्टा

हफ्तामा ५ दिन (सोमवारबाट शुक्रवारसम्म १ दिनमा ४ घण्टा)
अध्ययन अवधि समय जम्मा दुवै कोर्षको २ बर्षमा १,६८० घण्टा हुनेछ.

| निहोंगो B गाक्का I . II | | निहोंगो B गाक्का I . II | |
|---|---|---|---|
| लेभल | अध्ययन गर्ने समय | लेभल | अध्ययन गर्ने समय |
| बिगीनर लेभल | ४२० | मध्यम लेभल | ४२० |
| मध्यम लेभल | ४२० | उच्च् लेभल I | ४२० |
| उच्च् लेभल I | ४२० | उच्च् लेभल II | ४२० |
| उच्च् लेभल II | ४२० | उच्च् लेभल III | ४२० |

※ यहाँ उल्लेख भएको कक्षाको समय १ यूनिटले ५० मिनट लाई जनाउनेछ.

## ४. बिषय

निहोंगो गाक्कामा बिद्यार्थीहरुको जापानी भाषाको क्षमतालाई मध्यनजर गरि कक्षा बनाई, सिल्याबस तयार गरिन्छ. तल उल्लेख गरिएको लेभल र कक्षाको समयको एउटा उदाहरण हो.

(उदाहरण)

【बिगीनर लेभल 】

| सोम | मंगल | बुध | बिहि | शुक्र |
|---|---|---|---|---|
| वाक्य रचना | वाक्य रचना | वाक्य रचना | वाक्य रचना | वाक्य रचना |
| वाक्य रचना | वाक्य रचना | वाक्य रचना | वाक्य रचना | वाक्य रचना |
| खान्जी | वाक्य रचना | श्रवण | निबन्ध | संवाद |
| खान्जी | वाक्य रचना | श्रवण | निबन्ध | संवाद |

【मध्यम लेभल】

| सोम | मंगल | बुध | बिहि | शुक्र |
|---|---|---|---|---|
| वाक्य रचना | वाक्य रचना | पठन | अक्षर ▪ शब्दावली | वाक्य रचना |
| वाक्य रचना | वाक्य रचना | पठन | अक्षर ▪ शब्दावली | वाक्य रचना |
| श्रवण | व्याकरण | श्रवण | निबन्ध | संवाद |
| श्रवण | व्याकरण | श्रवण | निबन्ध | संवाद |

【उच्च् लेभल I】

| सोम | मंगल | बुध | बिहि | शुक्र |
|---|---|---|---|---|
| वाक्य रचना | पठन | पठन | अक्षर ▪ शब्दावली | वाक्य रचना |
| वाक्य रचना | पठन | पठन | अक्षर ▪ शब्दावली | वाक्य रचना |
| व्याकरण | संवाद | श्रवण | निबन्ध | श्रवण |
| व्याकरण | संवाद | श्रवण | निबन्ध | श्रवण |

【उच्च् लेभल II】

| सोम | मंगल | बुध | बिहि | शुक्र |
|---|---|---|---|---|
| वाक्य रचना | पठन | पठन | अक्षर ▪ शब्दावली | वाक्य रचना |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| वाक्य रचना | पठन | पठन | अक्षर・शब्दावली | वाक्य रचना |
| व्याकरण | संवाद | श्रवण | निबन्ध | श्रवण |
| व्याकरण | संवाद | श्रवण | निबन्ध | श्रवण |

【उच्च् लेभल III】

| सोम | मंगल | बुध | बिहि | शुक्र |
|---|---|---|---|---|
| वाक्य रचना | पठन | पठन | अक्षर・शब्दावली | वाक्य रचना |
| वाक्य रचना | पठन | पठन | अक्षर・शब्दावली | वाक्य रचना |
| व्याकरण | संवाद | श्रवण | निबन्ध | श्रवण |
| व्याकरण | संवाद | श्रवण | निबन्ध | श्रवण |

## ५. फर्म भर्ने योग्यता

①, ②, ③, अनुसारको व्यक्ति

①विदेशमा साधारणतय १२ बर्षको अध्ययन पुरा गरि, त्यो देशमा ब्याचलर लेभलमा भर्ना हुन सक्ने व्यक्ति. अथवा, यो लेभलको छ भनि यो बिद्यालयले स्वीकार गरेको व्यक्ति.

② जापानी भाषा १५० घण्टा भन्दा अध्ययन गरेको व्यक्ति अथवा जापानी भाषाको क्षमता（JLPT（N５भन्दा बढी））、生活・職能日本語検定試験（J. cert（बिगीनर लेभल भन्दा बढी））、J-TEST（Fलिभल भन्दा बढी）भएको व्यक्ति. इम्मिग्रेसनले जापानी भाषा N५ स्वीकार गरेको प्रमाण पत्र भएको व्यक्ति.

③ यो बिद्यालयमा भर्ना भई, ग्रेजुएट सम्म अध्ययन शुल्क・बस्ने खर्च निश्चित रुपमा तिर्न सक्ने व्यक्ति.

※ बिगतमा रिजेक्ट भएको व्यक्तिले छुट्टै सल्लाह गर्नु होला

## ६. फर्म बुझाउने तरिका

६ － （१） हुलाक द्वारा फर्म बुझाउने

（१） फर्म भर्ने अवधि भित्रमा जरुरी डकुमेन्ट तयार गरि तलको ठेगानामा हुलाक मार्फत पठाउने
（२） यो बिद्यालयमा परीक्षा दिने दिन निश्चित गरि, परीक्षा दिने. परीक्षाको टाईम टेबल आफैले मिलाउने

＜भर्ना फर्म बुझाउने ठेगाना＞
＜心理・福祉・ビジネス名古屋専門学校＞
〒460-0002 愛知県名古屋市中区丸の内３丁目 14-1（理学・作業名古屋専門学校内）
直通番号 052-212-9274

६ － （२） फर्म भर्ने म्याद

① विदेशबाट
२०२७ साल अप्रेल सेसन：२०२६ साल जुन १ तारीख（सोम）～२०२५ साल अक्टोबर १६ तारीख（शुक्र）

② जापान भित्रबाट
२०२७साल अप्रेल सेसन：२०२६ साल जुन १ तारीख（सोम）～२०२५ साल अक्टोबर ३० तारीख（शुक्र）

६ – (३) डकुमेन्टहरु

※ भरेको फर्ममा झूठो बिबरण भएको खण्डमा, परीक्षा दिन पाउने छैन. साथै, परीक्षामा पास भए पश्चात कुनै किसिमको झूठो फेला परेमा, पास भएता पनि रद्द गरिनेछ.

※ एक पटक आइ पुगेको डकुमेन्ट कुनैपनि हालतमा फिर्ता पठाईने छैन.

<निवेदकले बुझाउनु पर्ने डकुमेन्टहरु>

| | जरुरी डकुमेन्ट | ध्यान दिनु पर्ने कुराहरु |
|---|---|---|
| १ | भर्ना फर्म | यो बिद्यालयको फर्म. निवेदक आफैले भर्ने. |
| २ | व्यक्तिगत बिबरण | यो बिद्यालयको फर्म. निवेदक आफैले भर्ने. |
| ३ | स्वास्थ्य परीक्षण प्रमाणपत्र | यो बिद्यालयको फर्म. फर्म बुझाउनु भन्दा ३ महिना भित्रको डकुमेन्ट. मान्यता प्राप्त हस्पिटलबाट जारी गरिएको प्रमाणपत्र.<br>※नेपाल र भियतनामको बिद्यार्थीले स्वास्थ्य परीक्षण प्रमाणपत्रसंग एक्सरे फोटो पनि बुझाउने. र साथै, अरु कुनै देशबाटको निवेदकलाई पनि अनुरोध गर्न सकिनेछ.. |
| ४ | ट्रान्सक्रिप्ट सर्टिफिकेट | +२ बाट अन्तिम ग्रेजुएशन् (बिद्यालय)को सबै प्रमाणपत्र पेश गर्ने |
| ५ | चरित्र प्रमाणपत्र<br>(सक्कली) | +२ बाट अन्तिम जुएशन् (बिद्यालय)को सबै प्रमाणपत्र पेश गर्ने. |
| ६ | जापानी भाषा दक्षता प्रमाणपत्र<br>(जापानी भाषा अध्ययन प्रमाणपत्र) | आफ्नो देशमा जापानिज भाषा अध्ययन गरेको भाषा स्कूल को प्रमाण पत्र. जापानिज भाषा अध्ययन गरेको अबधि र घण्टा अनिवार्य उल्लेख भएको प्रमाणपत्र.<br>※ कम्तीमा १५० घण्टा भन्दा बढी अध्ययन गरेको प्रमाणपत्र. निहोंगो नोर्योकु सिकेन लगायत J-TEST、J. cert परीक्षा दिई, N5 भन्दा बढी पास गरेको प्रमाणपत्र एवं ट्रान्सक्रिप्ट सर्टिफिकेट पेश गर्ने. |
| ७ | काम गरेको प्रमाण पत्र | ※ नेपालमा काम गरेको व्यक्तिको लागि मात्र. |
| ८ | फोटो | ५ प्रति (ठाडो ४cm× चौडा३cm, सबै एकै) 。फोटोको पछाडि देश, नाम, लेखेर १ प्रति भर्ना फर्ममा टास्ने. फर्म बुझाउनु भन्दा ३ महिना भित्र खिचेको फोटो. आधा माथिल्लो शरीरको भाग・सिधा अगाडी・टोपी नलगाएको・फोटो पछाडी सादा र सफा दृश्य भएको. नेगेटिभ फिल्म प्रयोग गरिएको, कंप्युटर बाट बनाएको फोटोलाई मान्यता दिइने छैन. |
| ९ | स्क्रिनिंग फी शुल्क तिरेको रसिद | ※ जापानमा भएको व्यक्तिले अप्लाई गर्दा बैंकबाट पैसा तिरेको रसिदको कपि खाममा संगै हालेर पठाउने<br>※ विदेशबाट अप्लाई गर्ने केसमा, स्क्रिनिंग फी CoE पाए पछी, अध्ययन शुल्कसंगै तिर्नु पर्दछ. शुल्क बुझाए पछी, शुल्क भुक्तानी गरेको रसिद को कपी बुझाउने. |
| १० | पासपोर्टको कपि | ※ पासपोर्ट भएको ब्यक्तिले मात्र. छाप नलागेको पेज लगायत सबै पेज बुझाउने जापानमा भएको व्यक्तिले अप्लाई गर्ने केसमा अनिवार्य बुझाउने. |
| ११ | रेजिडेन्स कार्डको कपि (दुवै साईड) | ※ जापानमा भएको व्यक्तिले अप्लाई गर्ने केसमा अनिवार्य बुझाउने.<br>रेजिडेन्स कार्डको कपि दुवै साईड A4 साइजमा कपि गर्ने. |
| १२ | स्कुल फी. दैनिक खर्च तिर्ने तरिका प्रमाणित गर्ने डकुमेन्ट | ※ जापानमा भएको व्यक्तिले अप्लाई गर्ने केसमा स्कुल फी. दैनिक खर्च तिर्ने तरिका प्रमाणित गर्ने डकुमेन्ट तयार गरेको ३ महिना ननाघेको डकुमेन्ट पेश गर्ने. पास बुकको कपि बुझाउने केसमा बैंकको नाम, खातावालाको नाम भएको पेज लगायत कारोबार भएको पेज सबै कपि गरेर बुझाउने. |
| १३ | अहिले अध्ययनरत स्कुलको उपस्थिति, | ※ जापानमा भएको व्यक्तिले अप्लाई गर्ने केसमा फर्म बुझाउने बेलामा जापानको जापानी |

| | | |
|---|---|---|
| | ट्रांस्क्रिप्ट आदि | भाषा स्कुल अथवा भोकेसनल स्कुलमा अध्ययनरत व्यक्तिले सम्बन्धित स्कुलको उपस्थिति, ट्रांस्क्रिप्ट (सक्कली) बुझाउने.<br>※ जापानी भाषा स्कुल अथवा सेंश्यु गाक्को भनेको जापानी भाषा स्कुल, यूनिवर्सिटी・तान्की दाईगाकुको जापानी भाषा बेकका, त्यस बाहेक भोकेशनल स्कुल आदिको.<br>※ यूनिवर्सिटीमा अध्ययनरत व्यक्तिले पढिरहेको प्रमाणपत्र (सक्कली) बुझाउने.<br>※ हाजिर (उपस्थिति) प्रमाणपत्र (फर्म्याट जस्तोसुकै भए) बुझाउने |
| १४ | सिबो रियुस्यो (यो स्कुल छानेको कारण) | यो स्कुलको फोरममा लेखने. बिद्यार्थीले जापानी भाषामा लेखने.<br>※ जापानमा भएको व्यक्तिले अप्लाई गर्ने केसमा मात्र |
| १५ | ग्यारेन्टी सर्टिफिकेट | यो बिद्यालयको फर्म. ग्यारेन्टर आफैले भर्ने. |
| १६ | रयूगाकु सपथ पत्र | निवेदक आफैले फर्म भरि, हस्ताक्षर, छाप लगाउने. |
| १७ | नातेदार प्रमाणपत्र, जन्म प्रमाणपत्र | आफ्नो सपरिवारको नाता खुल्ने प्रमाणपत्र बनाउने, सपरिको नयाँ फोटो टास्ने.जन्ममिति र जन्मेको ठाउँ खुल्ने गरि जन्म प्रमाणपत्र पठाउने. |
| १८ | स्कलरसिप प्रमाणपत्र | स्कलरसिप पाउने व्यक्तिले मात्र. स्कलरसिप दिने सस्था・रकम・स्कलरसिप पाउने अवधि उल्लेख गर्ने. स्कलरसिपसम्बन्धि बिस्तृत जानकारी उल्लेख गर्ने. |
| १९ | स्पोन्सर सर्टिफिकेट | यो बिद्यालयको फर्म. स्पोन्सर आफैले भर्ने. |

<स्पोन्सर बुझाउनु पर्ने डकुमेन्ट>

① स्पोन्सर जापानमा नै भएको खण्डमा

| | जरुरी डकुमेन्ट | ध्यान दिनु पर्ने कुराहरु |
|---|---|---|
| १ | वार्किंग सर्टिफिकेट | बिजिनेसम्यानले 「तोकिबोहोन」、आफ्नो बिजिनेस भएकोले「काकुतेइ सिन्कोकुस्यो」 |
| २ | कर भुक्तानी प्रमाणपत्र (१ बर्षको) | वडा कार्यालयले इस्सु गरेको कुल आम्दानी उल्लेख भएको पत्र. 「गेनसेन च्योस्युह्यो」 मान्य हुने छैन. |
| ३ | ज्युमिन्ह्यो (पारिवारिक बिबरण प्रमाण पत्र) | संगै बस्ने सपरिवार उल्लेख भएको पत्र. विदेशीको केशमा, ज्युमिन्ह्यो र रेसिडेन्स कार्डको कपि बुझाउने. |
| ४ | इन्कान रजिस्ट्रेसन सर्टिफिकेट | रजिस्टर गरिएको इन्कान (छाप), स्पोन्सर सर्टिफिकेटमा छाप लगाउने |
| ५ | बचत प्रमाणपत्र | स्पोन्सरको नाममा भएको पासबुक पेश गर्ने. |
| ६ | बैंक ट्रांज्यक्सन प्रमाणपत्र | बचत पासबुकको कपि आदि |
| ७ | नातेदार प्रमाणपत्र | परिवार वा नातेदारको केशमा, निवेदक संगको नाता प्रमाणित गर्ने. |

② रेमिटेन्स द्वारा शुल्क एवं खर्च तिर्ने केशमा

| | जरुरी डकुमेन्ट | ध्यान दिनु पर्ने कुराहरु |
|---|---|---|
| १ | वार्किंग सर्टिफिकेट | काम गर्ने ठाउँबाट इस्यु गरिएको वार्किंग सर्टिफिकेट. आफ्नो बिजिनेस भएकोले 「तोकिबोतोहोन」अथवा「बिजिनेस दर्ता प्रमाणपत्र」को कपी. |
| २ | आन्दानी प्रमाणपत्र (१ बर्षको) | काम गर्ने ठाउँबाट इस्यु गरिएको बार्षिक आम्दानी・काम गर्ने ठाउँको सम्पर्क नम्बर उल्लेख भएको हुनु पर्नेछ. |
| ३ | कर तिरेको प्रमाण पत्र (१ बर्षको) | कर बिभागको मातहतमा रहेको कार्यालयबाट ईस्स्यु प्रमाणपत्र जसमा कर तिरेको रकम उल्लेख भएको हुनु पर्नेछ. |
| ४ | बचत प्रमाणपत्र | बैंकले इस्सु गरेको स्पोन्सरको नाम भएको प्रमाणपत्र |
| ५ | बैंक ट्रांज्यक्सन प्रमाणपत्र | बैंकको ट्रांज्यक्सन भएको स्पष्ट गर्ने ट्रांज्यक्सन सर्टिफिकेट |
| ६ | नाता प्रमाणित सर्टिफिकेट (नातेदार प्रमाणपत्र) | नेपालको वडा कार्यालय वा सो सरहको ठाउँबाट इस्श्यु गरिएको प्रमाण पत्र. निवेदक आफै स्पोंसोर भएको खण्डमा यो डकुमेन्ट चाहिदैन. |

③ जापानबाट अप्लाई गर्ने केसमा

| | जरुरी डकुमेन्ट | ध्यान दिनु पर्ने कुराहरु |
|---|---|---|
| १ | स्कुल फी. दैनिक खर्च तिर्ने तरिका प्रमाणित गर्ने डकुमेन्ट | स्कुल फी. दैनिक खर्च तिर्ने तरिका प्रमाणित गर्ने डकुमेन्ट तयार गरेको ३ महिना ननाघेको डकुमेन्ट पेश गर्ने. पास बुकको कपि बुझाउने केसमा बैंकको नाम, खातावालाको नाम भएको पेज लगायत कारोबार भएको पेज सबै कपि गरेर बुझाउने.<br>※ निवेदक आफै स्पोंसोर भएको खण्डमा: निवेदकको आफ्नै नाममा भएको पासबुकको कपि, आम्दानी या काम गरेको प्रमाणपत्र<br>※ निवेदक बाहेक अरु व्यक्ति स्पोंसोर भएको खण्डमा: स्पोंसोरको नाममा भएको बैंकको खातामा भएको बचत प्रमाणपत्र (सक्कली) र पासबुकको कपि, रेमिट गरेको प्रमाणको कपि (रेमिट गर्दा वित्तीय सस्थाबाट इस्यु गरेको डकुमेन्टको कपि, निवेदकको बैंकको पासबुकको कपि रेमिट गरेको रेकर्डको पेज) आदि |

※बचत प्रमाणपत्रको केशमा, अध्ययन शुल्क तिर्न सक्ने क्षमता भएको प्रमाणपत्र बुझाउन जरुरी छ.

※आजभोलि बिदेशी बिद्यार्थीहरुको अवैधानिक बसाई・अवैधानिक काम बढेको हुनाले, कानुन मन्त्रालय ईमिग्रेशन भिजा status 「student」सम्बन्धि चेक गर्ने पोलिसी कडा भएको हुनाले, अब उपरान्त ईमिग्रेशनले तोकिएको अवैधानिक बसाईबढी भएको देश・क्षेत्रको व्यक्तिले अप्लाई गर्ने केशमा बिभिन्न थप डकुमेन्ट बुझाउनु पर्ने हुन सक्ने हुलाने बिशेष ध्यान दिन अनुरोध गर्दछु.
※लिस्टमा उल्लेखित डकुमेन्ट बाहेक अरु डकुमेन्ट माग गर्न पनि सकिन्छ.

६ - (४) फर्म तयार गर्दा・बनाउने बेलामा ध्यान दिनु पर्ने कुराहरु

① देशको नाम

(चिनको बिद्यार्थीको केसमा) चिन・हन्कंग・मकाओ・ताइवान स्पष्ट रुपमा उल्लेख गर्ने

② जन्ममिति

पासपोर्ट अनुसार लेख्नुहोस. पासपोर्टको कपि बुझाउनुहोस्

③ नाम

(क) (कोरियाको केसमा) मिल्दो खान्जी नभएमा काताकाना लेखि, रोमन अक्षरमा पनि उल्लेख गर्ने.
(ख) पासपोर्टको नाम अंग्रेजी अल्फावेट बाहेकको अक्षर भएको (「Ü」「ç」आदि ) व्यक्ति भएमा MRP पासपोर्ट भएमा, नाम लेख्दा पासपोर्टको अल्फावेट अनुसार लेख्नुहोस.

④ परिवारको नाम

निवेदकको बुवा–आमा, दाई बहिनिको नाम, उमेर (अथवा जन्ममिति) , पेशा, ठेगाना नबिराई लेखने.

⑤ जन्मस्थान वडा न. समेत उल्लेख गर्ने

⑥ आफ्नो ठेगाना अथवा पढिरहेका स्कुलको नाम उल्लेख गर्ने

अप्लाई गर्ने बेलाको ठेगाना बिस्तृत रुपमा लेख्नुहोस.

⑦ विगतमा जापान आवत जावत गरेको रेकर्ड भएमा

「छ」भने अहिले सम्म कति पटक जापान आउने जाने गर्नु भएको हो उल्लेख गर्ने ,साथै आन्तिम पटक जापान आउदाको विवरण जानकारी गर्ने।

व्यक्तिगत बिबरणको 「अध्ययन गर्ने उद्देश्य」

मात्रा [अक्षर], सारांस [Contents] राम्ररी लेखने

⑧ अन्तिम ग्रेजुएसन

अप्लाई गर्ने बेलामा जापानको स्कुलमा पढिरहेका ब्यक्तिले आफ्नो देशको अन्तिम ग्रेजुएसन र स्कुलको नाम लेख्नुहोस.

⑨ जापानमा बस्ने बेलाको खर्चको बारेमा

स्पोन्सर र निवेदकको नाता प्रमाणित प्रमाणपत्र, सम्पूर्ण बिबरण नछुट्ने गरि ध्यान दिनुहोस्

⑩ विगतमा रिजेक्ट भएको ब्यक्ति
रिजेक्ट भएको कुरा जनाई, रिजेक्ट भएको कारण समाधान गर्नको लागि थप डकुमेन्ट पेश गर्नुहोस

६ – (५) यस बाहेक अप्लाई गर्ने बेलामा ध्यान दिनु पर्ने कुराहरु

① भर्ना फर्म, सम्बन्धित ठाउमा खालि नछोडी भर्नुहोस्.
② विदेशमा इस्यु भएको डकुमेन्ट इस्यु मिति बाट ६ महिना ननाघेको डकुमेन्ट पेश गर्नुहोस. जापानमा इस्यु भएको डकुमेन्ट इस्यु मिति बाट ३ महिना ननाघेको डकुमेन्ट पेश गर्नुहोस.
③ भर्ना फर्म बाहेकको डकुमेन्ट जापानी भाषा बाहेकको भाषामा भएको खण्डमा जापानी भाषाको अनुवाद अनिवार्य रुपमा बुझाउनु होस्.
④ दुवै तर्फ प्रिन्ट गरिएको डकुमेन्ट मान्य हुने छैन, एक तर्फी प्रिन्ट भएको डकुमेन्ट मात्र पेश गर्नुहोस.
⑤ करेकशन मसि・टेप प्रयोग गर्न सक्त मनाही छ.
⑥ प्रत्येक डकुमेन्टमा इस्यु गर्ने ब्यक्तिको नाम, पोस्ट, लगायत ठेगाना, फोन नम्बर फ्याक्स भएको डकुमेन्ट पेश गर्नुहोस.
⑦ 「एकेडेमी पेज」मा भर्ना भर्ना साल, अध्ययन अवधि त्यो देशको शैक्षिक प्रणालीसंग मेल नखाएमा, कारण पेश गर्ने.
⑧ पेश गरेको डकुमेन्ट अधुरो भई, पेश गर्नु पर्ने समय भन्दा पछी आइपुगेमा भर्ना छनौटमा पर्ने छैन.
⑨ पेश गरेको डकुमेन्ट नक्कली भएमा, पास भएतापनि क्यान्सिल गरिनेछ.

## ७. छनौट प्रक्रिया

डकुमेन्ट छनौट ・इन्टरभ्यु・जापानी भाषाको लिखित परीक्षा (JLPT N5 बराबर)

※परीक्षा हुने दिन समय निवेदकलाई पछी जानकारी गराइनेछ
※डकुमेन्ट र इन्टरभ्यु लिखित परीक्षा द्वारा छनौट गरि पास फेल जानकारी गराइनेछ. साथै फोन・मेल द्वारा परीक्षाफलको बारेमा जानकारी दिइने छैन.

## ८. भर्ना प्रक्रिया

८ – (१) भर्ना प्रक्रिया

① छनौट परिक्षामा पास भएको बिद्यार्थीलाई यो बिद्यालयबाट CoE अप्लाई गराइनेछ. पेश गरेको डकुमेन्टमा गल्ति भएमा अप्लाई नहुने हुनाले ध्यान दिनुहोस.
② CoE आए पश्च्यात तोकिएको मिति भित्रमा स्कुलको खातामा पहिलो बर्षको अध्ययन शुल्क पठाउनुहोस्. विदेशबाट अप्लाई गर्ने बिद्यार्थीहरुले स्कुल फी संग स्क्रिनिंग फी समेत पठाउनुहोस.

③ अध्ययन शुल्क कन्फर्म भए पश्च्यात, यो स्कुलबाट「पास प्रमाणपत्र」「भर्ना प्रमाणपत्र」र इमिग्रेशनबाट इस्यु गरिने「CoE」पास भएको बिद्यार्थीलाई पठाईनेछ. यो स्कुलबाट पठाएको डकुमेन्ट प्राप्त गरे पछी, आफ्नो देशमा भिजा प्रक्रिया पुरा गर्नुहोस.

८ – (२) स्क्रिनिंग शुल्क : ¥१०,०००.
※स्क्रिनिंग शुल्क र अध्ययन शुल्क पास भएको ब्यक्ति आफैले जिम्मेवारी पुर्वक गर्नुहोस. स्क्रिनिंग शुल्क पास ・फेल जस्तो सुकै कारण भएतापनि फिर्ता हुने छैन.

## ८ – ३ पहिलो बर्षको अध्ययन शुल्क

| शुल्क | पहिलो बर्ष | दोश्रो बर्ष (प.से.) | दोश्रो बर्ष (दो.से) |
|---|---|---|---|
| भर्ना शुल्क | १००,००० येन | | |
| अध्ययन शुल्क | ५६३,००० येन | २८१,५०० येन | २८१,५०० येन |
| सस्था मेन्टेनन्स | ४५,००० येन | ४५,००० येन | |
| अन्य शुल्क | ८२,००० येन | ५०,००० येन | २२,००० येन |
| जम्मा | ७९०,००० येन | ३७६,५०० येन | ३०३,५०० येन |

【टिप्पणी】अन्य शुल्क : स्वास्थ्य चेक अप शुल्क・कार्यक्रम・चोटपटक बिमा शुल्क・विद्यार्थी ID कार्ड・ग्रेजुएसन समाहरो पार्टी शुल्क आदि

※माथि उल्लेखित रकम बाहेक रेमिटेन्स शुल्क १०,००० येन अतिरिक्त पठाउनुहोस्. बिशेषगरि विदेश बाट शुल्क पठाउदा विदेशको बैंक र जापानको बैंक चार्ज लाग्नेछ. रेमिटेन्स शुल्कबाट बचेको रकम जापान आए पश्चात फिर्ता गरिनेछ.

※CoE आए पश्च्यात तोकिएको मिति भित्र स्कुलको खातामा पहिलो बर्षको अध्ययन शुल्क पठाउनुहोस्.

※पहिलो बर्षको अध्ययन शुल्क एकै पटकमा पठाउनुहोस्

※अध्ययन शुल्क तिरे पश्च्यात भर्ना नभएमा तल उल्लेखित बुंदा अनुसार प्रोसेस गरिनेछ. तर、त्यो फिर्ता रकममा बैंक प्रोसेस चार्ज पनि समाबेस हुनेछ.

A) CoE रिजेक्ट भएको केसमा
→ स्क्रिनिंग फी बाहेक बाकी रकम फिर्ता गरिनेछ.

B) CoE आएर भिजा अप्लाई नै नगरी जापान नआएमा
→ स्क्रिनिंग फी र भर्ना शुल्क बाहेक बाकी रकम फिर्ता गरिनेछ. तर भर्ना सर्टिफिकेट CoE फिर्ता गरे पछी मात्र स्कुल फी फिर्ता गरिनेछ.

C) अध्यागमन बिभागमा भिजा अप्लाई गर्यो तर भिजा स्वीकृत नभई जापान आउन नपाएको खण्डमा
→ स्क्रिनिंग फी बाहेक बाकी रकम फिर्ता गरिनेछ. तर भर्ना सर्टिफिकेट र अध्यागमन बिभागमा भिजा रिजेक्ट भएको प्रमाण स्कुलमा बुझाउनु पर्दछ.

D) भिजा लियो तर जापान आउनु भन्दा अगाडी भर्ना क्यान्सिल गर्यो.
→ भिजा प्रयोग नगरेको र अमान्य भएको निश्चित भएमा स्क्रिनिंग फी र भर्ना शुल्क बाहेक बाकी रकम फिर्ता गरिनेछ. तर भर्ना प्रमाण पत्र अनिवार्य रुपमा फिर्ता गर्नु पर्दछ.

E) भिजा लिएर जापान आयो तर पढाई बिचमै छाडेको खण्डमा
→ स्क्रिनिंग फी र भर्ना शुल्क रकम फिर्ता गरिने छैन. अध्ययन शुल्क सुबिधा उपकरण खर्च पनि साधारणत: फिर्ता गरिने छैन.

※त्यस बाहेक, वडा कार्यालयमा राष्ट्रिय स्वास्थ्य बिमामा दर्ता गर्नु पर्नेछ. १७,५०० येन (२०२० बर्षको उदा.) जति लाग्नेछ.

## ८ – (४) स्क्रिनिंग शुल्क・पहिलो बर्षको अध्ययन शुल्क पठाउने बैंकको ठेगाना

① रिसोना बैंक नागोया शाखा बचत १२१७९१२
गाक्को होजिन ताचिबाना गाकुएन मूख्य डाइरेक्टर नाकाजिमा चुनेओ

◎ अंग्रेजी :
RESONA Bank LTD. Nagoya branch （ SWIFT DIWAJPJT ）
Saving account １２１７９１２
Account name: TACHIBANA GAKUEN (Director general) TSUNEONAKAJIMA

② आइची बैंक ओचुबाशी शाखा Saving २८१७२९
गाक्को होजिन ताचिबाना गाकुएन मूख्य डाइरेक्टर नाकाजिमा चुनेओ

◎ अंग्रेजी :
AICHI Bank LTD. OTSUBASHI branch （ SWIFT CKBKJPJN ）
Saving account ２８１７２９
Account Name: TACHIBANA GAKUEN (Director General) TSUNEO NAKAJIMA

## ९. जापानको जीवनयापन

### ९ – (१) अनुमानित बसाई खर्च

१ महिनाको बसाई खर्च (स्कुलको नजिकको एरियाको अनुमानित बसाई खर्च)

| | |
|---|---|
| घरभाडा (कोठा शेयर गरेको खण्डमा) | २५,००० येन |
| खाना खर्च | २०,०००〜२५,००० येन |
| बिजुली ग्यास पानी खर्च (कोठा शेयर गरेको खण्डमा) | ५,०००〜१०,००० येन |
| फोन इन्टरनेट खर्च | १०,००० येन |
| अन्य खर्च (यातायात स्वास्थ्य बिमा मनोरञ्जन आदि) | १५,०००येन |
| जम्मा | ७५,०००〜८५००० येन |

※ जापान आउने बेलामा बसाई खर्चको लागि २ लाख येन जति लिएर आउन सल्लाह् गर्छौ.

### ९ – (२) पार्ट टाईम जब

यो बिद्यालयले पढाईमा बाधा नहुने दायरा भित्र मात्रै पार्ट टाईम जब गर्न दिईनेछ. बसाई खर्चको चिन्ता कम गराउने मात्र नभई सामाजिक अनुभव जापानीहरु संग सत्सर्ग गर्ने मौका पनि मिल्नेछ. अध्ययनलाई प्रार्थमिकता दिई, सन्तुलन कायम गर्दै बिद्यार्थी जीवन सफल बनाऔ. तल उल्लेखित ध्यान दिनु पर्ने बुंदाहरु अनिवार्य रुपमा पालन गर्नुहोस. साथै, पार्ट टाईम जब पाउनु भएको बेला, काम गर्ने ठाउँ परिवर्तन भएको बेलामा अनिवार्य रुपमा स्कुलमा जानकारी गराउनु होला.

१. पार्ट टाईम जब अनुमति पत्रको निवेदन

「विद्यार्थी」भिजा मार्फत जापान आउनु भएको व्यक्तिहरुले पार्ट टाईम जब गर्नको लागि, ईमिग्रेशनमा निबेदन दिई, अनुमतिपत्र लिन आवश्यक छ.

२. पार्ट टाईम जबको समय

विद्यार्थीको लागि पढाई र स्कुलको कार्यक्रमहरु सबै भन्दा महत्वपूर्ण ईभेंट हो. पढाईमा असर नपर्ने गरि आफ्नो स्वास्थ्यको ख्याल गर्नु होला. पार्ट टाईम जब गर्न सकिने समय हफ्तामा अधिकतम २८ घण्टा तोकिएको छ. (स्कुलको लामो विधाको बेलामा हफ्तामा ४० घण्टा)

३. पार्ट टाईम जब बारे

वयस्यक पसल सम्बन्धि पार्ट टाईम जब कानुनीरुपमा प्रतिबन्ध गरिएको छ.
प्रतिबन्ध गरिएको कामहरुमा मनोरन्जन गरिने रेस्टुरेन्ट, काराओके वा पाचिन्को आदि छन.

४. पार्ट टाईम जब खोजि दिने बारे

स्कुल नजिकको अफिसहरुको कामको सुचनाहरु स्कुलको सुचनापेटीमा टासिएको हुन्छ. साथी वा सिनियरहरुको परिचय द्वारा काम पाउने व्यक्ति हरु पनि छन. पार्ट टाईम जब गर्नको लागि बायोडाटाको चेक अन्तर्वार्ता पास गर्नु पर्नेछ. फर्म भर्न तथा अन्तर्वार्ता दिने तरिका स्कुलको स्टाफले सपोर्ट गर्नु हुन्छ. त्यसैले ढुक्क भएर सल्लाह गर्नुहोस.

## 10. पुरस्कार

○ यो स्कुलको आफ्नै पुरस्कारहरु

<कक्षामा उपस्थित पुरस्कार> प्रत्येक सेमेस्टरमा हाजिर १००% भएको बिद्यार्थीलाई प्रदान गरिनेछ.

<JLPT पास पुरस्कार नगद>

○ जापानी भाषा ग्रेजुअट पश्चात प्रयोग गर्न सकिने केहि लाभदायक जानकारी

<आईची प्रिफेक्चर स्याकाई फुकुशी क्योगीकाई काइगो फुकुशी सी आदी को अध्ययन रकम (ब्याज नलाग्ने) >

जापानी भाषा ग्रेजुअट पश्चात काइगो फुकुशी गाक्कामा भर्ना भएमा, नियमानुसार स्थानीय लोकल प्रशासनबाट केहि हद सम्म रकम उधारो पाउनेछ.

<सस्था द्वारा पाईने छात्रवृत्ति>

अध्ययन गर्ने स्कुल फि उधारो दिने रोजिन होम (बृद्ध आश्रम) परिचय गर्नेछ.

※ सबै निवेदनको लागि छनौट हुनेछ. बिस्तृत जानकारीको लागि भर्ना विभागमा सम्पर्क गर्नुहोस.

## 11. सम्पर्क ठेगाना भर्ना फर्म बुझाउने ठेगाना

<心理・福祉・ビジネス名古屋専門学校>
〒460−0002　愛知県名古屋市中区丸の内 2−6−4
代表番号 052-222-5631

<सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्को>
〒४६०-०००२ आईची केफेक्चर नागोया सिटि मारुनोउची २-६-४
मुख्य फोन न. ०५२-२२२-५६३१

अथवा

<भर्ना बिभाग विदेश बिभाग न्यूगाकुका काईगाई तान्तो>
४६०-०००२ आईची प्रिफेक्चर नागोया सिटि मारुनोउची ३-१४-१
फोन: ०५२ -२१२ - ९२७४

## १२. गाक्को होजिन ताचिबाना गाकुएन ईतिहास

१९९१ साल १० महिना गाक्को होजिन च्याया सिरोजिरो किनेन गाकुएन (अहिलेको गाक्को होजिन ताचिबाना गाकुएन)
तोकाई जौहो बिजिनेस सेम्मोन गाक्को (अहिलेको: सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्को) शुरु
प्राइभेट स्कुल नियमावली अनुसार गाक्को होजिन च्याया सिरोजिरो किनेन गाकुएनलाई स्वीकृति प्रदान
बिद्यालय शिक्षा नियमावली अनुसार तोकाई जौहो बिजिनेस सेम्मोन गाक्कोलाई स्वीकृति प्रदान
जापानी भाषा स्कुल, जाइदन होजिन निहोंगो क्योइकु सिन्को क्योकाई द्वारा मान्यता, स्वीकृत बिद्यालय

१९९४ साल ४ महिना नागोया फुकुशी होकेई सेम्मोन गाक्को (अहिलेको: सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्को)
बिद्यालयको नाम परिवर्तन

२००२ साल ४ महिना नागोया इर्यो फुकुशी सेम्मोन गाक्को (अहिलेको: रिगाकु・साग्यो नागोया सेम्मोन गाक्को) शुरु

२००३ साल ४ महिना नागोया फुकुशी होकेई सेम्मोन गाक्कोमा जुडो सेइफुकु गाक्का थप
नागोया फुकुशी होकेई जुडो सेम्मोन गाक्को (अहिलेको: सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्को)
बिद्यालयको नाम परिवर्तन

२००८ साल ३ महिना होजिनको नाम गाक्को होजिन ताचिबाना गाकुएनमा परिवर्तन


२०११ साल ४ महिना नागोया फुकुशी होकेई जुडो सेम्मोन गाक्को लाई कोमुईन् होईकु काईगो बिजिनेस नागोया सेम्मोन गाक्को
(अहिलेको: सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्को) मा बिद्यालयको नाम परिवर्तन
नागोया इर्यो फुकुशी सेम्मोन गाक्कोलाई रिगाकु・साग्यो नागोया सेम्मोन गाक्कोमा नाम परिवर्तन

२०१४ साल ४ महिना कोमुईन्・होईकु・काईगो・बिजिनेस सेम्मोन गाक्कोलाई होईकु・काईगो・बिजिनेस नागोया सेम्मोन
गाक्कोमा बिद्यालयको नाम परिवर्तन

२०२६ साल ४ महिना होईकु・काईगो・बिजिनेस नागोया सेम्मोन गाक्को लाइ सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्कोमा
बिद्यालयको नाम परिवर्तन अहिले सम्म

# १३. बिद्यालय ठेगाना म्याप

**■地下鉄路線図**




**रिगाक साग्यो नागोया सेम्मोन गाक्को**

・JR「नागोया」स्टेशन ताइकोदोरी Exit (सिन्कानसेन Exit) बाट पैदल ५ मिनेट, सबवे हिगासीयामा लाइन 「कामेजिमा」स्टेशन ३ न. Exit बाट पैदल ६ मिनेट

・२०२१ साल अगस्ट, सबवे चुरुमाई लाइन साकुरा दोरी लाइन (मारुनो उची) स्टेशनबाट हिडेर पुगिने स्कुलमा सर्ने योजना

सबवे चुरुमाई लाइन साकुरा दोरी लाइन (मारुनो उची) स्टेशन १ न.・Exit ४ न. Exit बाट पैदल ५ मिनेट

**सिनरी・फुकुसी・बिजिनेस नागोया सेम्मोन गाक्को**

日本語学科は
ココ！






＜心理・福祉・ビジネス名古屋専門学校＞
〒460－0002　愛知県名古屋市中区丸の内２－６－４
代表番号 052-222-5631